# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १५ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- पश्चिम बङ्गाल की मुख्यमन्त्री ममता बेनर्जीले आज दार्जीलिंगमा ,दार्जीलिंग र कालेबुंग जिल्लाका प्रशासनिक अधिकारीहरुलाई लिएर प्रशासनिक बैठक गर्नुभयो l

- केन्द्र सरकारले पश्चिम बंगालमा भाजपाका शीर्ष नेताहरूको सुरक्षा व्यवस्था अझ बडाइने निर्णय गरेको छ।

- पश्चिम बंगालमा भाजपाले अक्टोबर महिनामा आफ्नो नयाँ राज्य समिति घोषणा गर्दैछ।

- पश्चिम बङ्गालका विभिन्न भागहरुमा भाजपा नेताहरू, भाजपा विधायक तथा भाजपा सांसदहरूमाथि भई रहेको हमलाको विरोधमा हजारों को संख्यामा भाजपा कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन् l

- दार्जीलिङ मिरिक निवासी धाविका राखी राईले उच्च हिमाली भू–भागको अपठ्यारो मौसम परिस्थितिमा आयोजना गरिएको कठिन एवं चुनौतीपूर्ण ट्रेल रनमा प्रथम स्थान हासिल गरी पहाडको नाम रोशन गर्नुभएको छ ।

## दार्जीलिंग -मुख्यमन्त्री -प्रशासनिक बैठक

दार्जिलिङमा आज पस्चिम बङ्गाल की मुख्यमन्त्रीले दार्जीलिंग अनि कालेबुंग जिल्लाका प्रशासनिक अधिकारीहरुलाई लिएर प्रशासनिक बैठक गर्नुभयो l बैठकलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता बनर्जीले मिरिक, कालेबुंग , जलपाइगुडी, अलिपुरद्वार र अन्य क्षेत्रहरूमा धेरै घर, स्वास्थ्य केन्द्र र सरकारी भवनहरू क्षतिग्रस्त भएको जानकारी दिनुभएको छ। सरकारले यी क्षेत्रहरूमा युद्धस्तरमा पुनर्निर्माण कार्य गरिरहेको छ। मुख्यमन्त्रीले भन्नुभयो केवल आलोचनाले जनताको पीडा कम हुने छैन। पीडितहरूसम्म पुग्नु र उनीहरूलाई सहयोग गर्नु आवश्यक छ। दार्जिलिङ पहाडमा प्रशासनिक बैठकलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता बनर्जीले मिरिक, कालेबुंग , जलपाइगुडी, अलिपुरद्वार र अन्य क्षेत्रहरूमा धेरै घर, स्वास्थ्य केन्द्र र सरकारी भवनहरू क्षतिग्रस्त भएको बताउनुभएको छ। मुख्यमन्त्री सुश्री ब्यनार्जीले अझ भन्नुभयो,उत्तर बंगालमा प्राकृतिक प्रकोपबाट प्रभावितहरूका लागि राज्यको राहत र पुनर्स्थापना प्रयासहरूको आलोचना गर्नुको सट्टा सबैले पीडित जनताको साथमा उभिनु पर्छ। मुख्यमन्त्री बनर्जीले पहिले उत्तर बंगालमा प्राकृतिक प्रकोपहरूसँग जुध्न केन्द्र सरकारले एक पैसा पनि जारी नगरेको दाबी गर्नुभएको छ l मुख्यमन्त्रीले प्रभावित मानिसहरूलाई राहत किटहरू वितरण भइरहेको जानकारी दिनुहुदै राज्यले किसानहरूलाई फसल बीमाको पैसा प्रदान गर्ने बताउनुभएको छ। उहाँले प्रभावित क्षेत्रका जिल्लापालहरूलाई क्षतिको विवरण सहितको प्रतिवेदन तयार गर्न र कृषि विभागमा पठाउन आग्रह गर्नुभएको छ। मुख्यमन्त्रीले राज्यले उत्तर बंगालमा कृषि विकासको लागि ७, हजार

## मुख्यमन्त्री - इको-टुरिज्म

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले सुकेपोखरी क्षेत्रलाई इको-टुरिज्म गन्तव्यको रूपमा विकास गर्ने इच्छा व्यक्त गर्नुभएको छ l मुख्यमन्त्री ममता ब्यनार्जीले भन्नुभएको छ - "लामहट्टा जस्तै, सुकेपोखरीलाई इको-टुरिज्म गन्तव्यको रूपमा विकास गर्न सक्छौं। होमस्टेहरू विकास गर्न सकिन्छ, र हामी यहाँ चलचित्र छायांकन पनि गर्न सक्छौं। उहाले यो क्षेत्र सुन्दर र रमणीय रहेको बताउनुहुदै यहा इको-टुरिज्मको योजना चाँडै शुरु गर्ने बताउनु भएको छ l

**भाजपा -कुचबिहार बिरोध**

पश्चिम बङ्गालका विभिन्न भागहरुमा भाजपा नेताहरू, भाजपा विधायक तथा भाजपा सांसदहरूमाथि भई रहेको हमलाको विरोधमा हजारों को संख्यामा भाजपा कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन् I भाजपा कूचबिहार जिल्ला कमिटिले आज जिल्ला शासक कार्यालय बहिर ठूलो विरोध प्रदर्शन गर्यो। सुन्नु होस हाम्रा सम्वाददाता अशोक चौरसियाको एक रिपोर्ट

**2.बाइट...अशोक चौरासिया**

**केंद्र सरकार - पश्चिम बंगाल - शीर्ष भाजपा - सुरक्षा व्यवस्था**

केन्द्र सरकारले पश्चिम बंगालमा भाजपाका कैयौँ शीर्ष नेताहरूको सुरक्षा व्यवस्थालाई अझ बलियो बनाउने निर्णय गरेको छ। हालै पार्टी नेताहरूमाथि भएको आक्रमणपछि यो कदम चालिएको हो। केही दिनअघि मालदा दक्षिणबाट भाजपा सांसद खगेन मुर्मु र राज्य विधानसभामा पार्टीका मुख्य सचेतक शंकर घोषमाथि उत्तर बंगालको नगरकाटा भ्रमणको क्रममा आक्रमण भएको थियो। जाच एजेन्सीहरूले अहिलेसम्म कुनै पनि संगठनको संलग्नताको प्रत्यक्ष प्रमाण फेला पारेका छैनन्, तर राज्यका भाजपाका वरिष्ठ नेताहरूले सत्तारूढ तृणमूल कांग्रेसद्वारा समर्थित असामाजिक तत्वहरू आक्रमणमा संलग्न रहेको आरोप लगाएका छन्। राज्य गृह विभागका एक वरिष्ठ अधिकारीले आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै राज्यमा भाजपाका केही नेताहरूको सुरक्षा सुदृढ गर्न तत्काल आवश्यक रहेको बताएको छ। केन्द्रीय गृह मन्त्रालयले थप सुरक्षा सुनिश्चित गर्न यस दिशामा राज्य गृह विभागसँग समन्वय गरिरहेको छ। सुत्र अनुसार, विपक्षी दलका नेता शुभेन्दु अधिकारी, केन्द्रीय शिक्षा राज्य मन्त्री सुकान्त मजुमदार र राज्य भाजपा अध्यक्ष शमिक भट्टाचार्य ती नेताहरूमा छन् जसको सुरक्षा बडाईनेछ I

**दुर्गापूजा - कोलकाता -मुख्यमंत्री -राहत घोषणा**

दुर्गा पुजाको समय भएको लगभग पाच घण्टा लामो बर्षा को कारण कोलकाताको कतिपय क्षेत्रमा पानी भरिदा करेन्ट लागेर १२ जनाको मृत्यु भएको थियो । मुख्यमन्त्री ममता ब्यनार्जीले आज दार्जीलिंगमा आयोजित प्रशासनिक बैठकमा मृतकका परिवारलाई राहत दिने घोषणा गर्नुभएको छ । आगामी १७ अक्टोबरमा मृतकका परिवारलाई शेक्सपियर सार्नी चोकको एउटा पण्डालमा नियुक्ति पत्र र आर्थिक सहयोग प्रदान गरिने उहाँले बताउनु भएको छ ।

**पश्चिम बंगाल -भारतीय जनता पार्टी -राज्य समिति घोषित**

पश्चिम बंगालमा भाजपाले अक्टोबर महिनामा आफ्नो नयाँ राज्य समिति घोषणा गर्दैछ। यसअघि पार्टीको केन्द्रीय नेतृत्वले नयाँ समितिमा त्यस्ता नेतालाई समावेश गर्न निर्देश दिएको छ , जसले चुनाव लड्नु भन्दा पनि संगठनलाई बलियो बनाउनमा ध्यान दिनेछ ।सुत्र अनुसार नयाँ राज्य समितिमा ३१ जना सदस्य रहनेछन्। केन्द्रीय नेतृत्वले चयन प्रक्रियालाई नजिकबाट नियालिरहेको छ र केही अपवाद बाहेक अधिकांश सदस्य सांगठनिक काममा मात्र केन्द्रित हुनुपर्ने स्पष्ट पारेको छ। भाजपाका केन्द्रीय पर्यवेक्षक सुनील बंसल आफैं पनि एक टोली गठन गर्ने पक्षमा छन् जुन पूर्ण रूपमा संगठनात्मक सशक्तिकरणको लागि समर्पित छ। वर्तमान समितिका केही सदस्यहरू जो पहिले नै निर्वाचित भएका छन् वा नयाँ समितिमा राखिएका छन्, उनीहरूलाई अपवाद स्वरूप राखिनेछ। तर नयाँ सदस्यहरूलाई संगठनात्मक जिम्मेवारीमा मात्र ध्यान केन्द्रित गर्न र चुनावी राजनीतिबाट टाढा रहन निर्देश दिइएको छ।

**पश्चिम बंगाल डाक मंडल**

पश्चिम बंगाल डाक विभागले नोभेम्बरमा १० औं राज्यस्तरीय डाक टिकट प्रदर्शनी ' बंगोपेक्स--२०२५' आयोजना गर्नेछ। यो प्रदर्शनी १४ नोभेम्बर देखि १७ नोभेम्बर सम्म साइन्स सिटी, कोलकातामा आयोजना हुनेछ।प्रमुख डाक महाप्रबन्धक अशोक कुमारले आज योगयोग भवन, कोलकातामा ' बंगोपेक्स--२०२५' को विवरणपत्र जारी गर्नुभयो। यसमा प्रदर्शनीसँग सम्बन्धित

सबै विस्तृत जानकारी समावेश गरिएको छ ।
स्मरण रहोस् १० औं राज्य स्तरीय डाक टिकट प्रदर्शनी ' बंगोपेक्स -२०२५' को लोगो २३ सेप्टेम्बरमा डाक विभागकी सचिव वन्दिता कौलले भर्चुअल माध्यमबाट जारी गर्नुभएको थियो l प्रदर्शनीको उद्देश्य टिकटको माध्यमबाट बंगाल, सिक्किम र अन्डमान निकोबारको संस्कृति, विरासत र सम्भावनाहरूको उत्सव मनाउनु रहेको छ l

## दुर्गापुर सामूहिक दुष्कर्म - केंद्रीय जांच ब्यूरो - जांच

दुर्गापुरमा भएको सामूहिक बलात्कार प्रकरणमा पीडितका पिताले आज केन्द्रीय जाच ब्यूरो (सीबीआई) सँग छानबिन गर्ने माग गरेका छन् । उनले भने केन्द्रीय एजेन्सीको जाच ले मात्र दोषीलाई कठोर सजाय दिन सक्छ। पत्रकारहरुसँग बातचित गर्दै पीडितका पिताले भने, यदि सीबीआईको जाँच भयो भने यो अझ पारदर्शी हुनेछ र दोषीलाई चाँडै नै सजाय दिइनेछ ।राष्ट्रिय महिला आयोगले आफ्नो तथ्य-खोज रिपोर्टमा पश्चिम बंगाल पुलिसलाई घोर लापरबाहीको आरोप लगाएपछि यो माग आएको हो। आसनसोल–दुर्गापुरका पुलिस आयुक्त सुनिल चौधरीले पीडितका पितालाई हरसम्भव सहयोग भइरहेको र जाच सही दिशामा अघि बढिरहेको बताउनु भएको छ ।

## भाजपा – दुधे सहयोग

बितेको ४ अक्टोबरमा गएको भीषण पहिरोका कारण ६० भन्दा अधिक घरहरू प्रभावित भएपछि आज दुधे राहत शिविरमा ६२ परिवारलाई भारतीय जनता पार्टीका तर्फबाट राहत सामग्री वितरण गरिएको छ। यो राहत सामग्री उपलब्ध गराउन दार्जिलिङका सांसद राजु विष्ट र असम भाजपा संगठनको विशेष पहल र सहयोग रहेको बताइएको छ।

## दार्जीलिंग– राखी राई धावक

दार्जीलिङ जिल्ला अन्तर्गत मिरिक निवासी धाविका राखी राईले उच्च हिमाली भू–भागको अपठ्यारो मौसम परिस्थितिमा आयोजना गरिएको अत्यन्त कठिन र चुनौतीपूर्ण ट्रेल रनमा प्रथम स्थान हासिल गर्दै पहाडको नाम रोशन गर्नुभएको छ । राखी राईले हिमाचल प्रदेश अन्तर्गत मनालीस्थित सोलाङ भ्याल्ली स्काई 100 किलोमिटर को दौड 24 घण्टा 15 मिनेट 09 सेकेन्ड भित्र चुनौतीपूर्ण रुपले सफलतापूर्वक पुरा गर्न सफल बन्नुभएको छ । बिगत 11 र 12 अक्टोबर 2025 मा भएको यस कठिन दौडमा भारत को दोस्रो महिला धाविका तथा दार्जिलिङ मिरिक को पहिलो धाविका बनेकी राखी राई दार्जिलिङ मिरिककी एक लामो दूरीको धाविका हुन्, जो पहाडी र अल्ट्रा-म्याराथनमा उनको बलियो प्रदर्शनको लागि परिचित छिन्।

****** ० ******